

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २७ गते मंगलबार ❑ 9 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## देशको अर्थतन्त्रलाई चलायमान बनाउन सरकार सक्रिय भएर लाग्छ : मन्त्री गिरी

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

नेपाल सरकारका कानून, न्याय तथा संसदीय मामिला मन्त्री पदम गिरीले देशको अर्थतन्त्रलाई चलायमान बनाउन सरकार सक्रिय भएर लाग्ने बताउनु भएको छ।

प्रेस चौतारी कास्कीले सोमबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री गिरीले देशको अर्थतन्त्रलाई चलायमान बनाउन र जनतामा समृद्धि ल्याउन सरकार सक्रिय भएर लाग्ने बताउनु भएको हो । देशको सुशासन, धराशायी हुदा अर्थतन्त्र र विकास निर्माणले गती लिन नसकेको दाबी गर्दै मन्त्री गिरीले व्यवसायी संकटमा परेको वर्तमान अवस्थामा यसलाई कसरी सुधार गरेर अगाडि बढ्ने भन्ने बारेमा सरकार चिन्तित रहेको उल्लेख




गर्नु भयो । उहाँले केही वर्षयता सरकार र राजनीतिक पार्टीप्रति जनतामा पैदा भएको निराशालाई मेटाउन सरकार र दलहरुप्रति हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन एमाले सरकारमा गएको प्रष्ट्याउनु भयो । नयाँ समीकरणबाट बनेको वर्तमान सरकारले जनतामा आशा जगाउने गरी काम गर्ने उहाँको भनाइ छ।

वर्तमान समयमा सहकारी संस्थामा देखापरेको बचतकर्ताको पैसा अपचलनका बारेमा संसदमा नेपाली काग्रेसका सांसदहरुले संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग राख्दै आएको उल्लेख गर्दै मन्त्री गिरीले सहकारीका दोषीलाई कारबाही गर्न राज्यका निकायलाई निर्देशन दिनु भयो । सहकारीका दोषीलाई कारबाही गरी सम्पूर्ण बचतकर्ताको रकम जस्ताको तस्तै उनीहरुलाई फिर्ता दिनुपर्नेमा उहाँको जोड छ । सघं सरकारद्वारा अधिकांश कानुन बनाउन बाँकी रहेको अवस्थामा संसदीय समितिलाई सक्रिय बनाउँदै छिटोभन्दा छिटो संघीयता र नेपाली जनतालाई अनुकूल हुने ऐन कानुन ल्याउने मन्त्री गिरीले बताउनुभयो । मन्त्री गिरीले सभामुखलाई पनि दलकै सदस्य मानेर सरकारमा दाबी गरिएको विषयलाई अन्यथा लिन आवश्यक नरहेको प्रतिकृया दिनु भयो । मन्त्री गिरीले भएका सांसदको बहुमतको अभिमत भएकाले त्यसलाई अन्यथा लिन आवश्यक नरहेको भन्दै चित्त नबुझेमा कसैले फरक मत राख्न पाउने उहाँको भनाइ थियो ।

## कागबेनी र मुक्तिनाथमा भक्तजनको घुइँचो



**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ चैत

मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा रहेका धार्मिकस्थल कागबेनी र मुक्तिनाथ मन्दिरमा सोमबार भक्तजनको घुइँचो लागेको छ।

कालीगण्डकीको तटमा अवस्थित कागबेनीमा औँसी तिथि पारेर दिवङ्गत आफन्तको नाममा पिण्डदान र पुण्य प्राप्तिका लागि मुक्तिनाथ मन्दिरको दर्शन गर्नेको बिहानैदेखि घुइँचो लागेको हो । कागबेनीस्थित जनशान्ति माविका शिक्षक मनबिर किसानले दिवङ्गत आफन्तको स्मरणमा पिण्डदान र तर्पण गर्नेहरुको बिहान ५ बजेदेखिनै कालीगण्डकी किनारमा घुइँचो लागेको जानकारी दिनुभयो । "चैतेदसैँअघिको औँसी तिथिमा कागबेनीमा श्रद्धा र तर्पण गरे पितृले मोक्ष पाउने धार्मिक विश्वास रहेको छ", उहाँले भन्नुभयो, "नेपालका सबैजसो जिल्लाका साथै भारतबाट आएका हजारौँ भक्तजनले एकै दिन कागबेनीमा पिण्डदान गरेका छन् ।" बडादसैँ र चैतेदसैँ सुरु हुने औँसीमा पिण्ड दान गर्दा दिवङ्गत भएकाले मुक्ति पाउने धार्मिक विश्वास छ।

कागबेनीमा पिण्डदान गरेपछि भक्तजन समुन्द्री सतहदेखि तीन हजार आठ सय मिटर उचाइको मुक्तिनाथ मन्दिरको दर्शन र पूजाआजा गर्न पुग्दछन् । मुक्तिनाथ मन्दिरका पुजारी कृष्णप्रसाद सुवेदीका अनुसार विष्णु भगवान्को दर्शन, मूर्तिलाई पूजाआजा, एक सय आठ धारामा स्नान र परिसरमा रहेका दुई वटा पोखरीमा डुबिल्की मारेमा जान अञ्जानमा गरेका पाप नष्ट भई पुण्य मिल्ने धार्मिक विश्वास छ । जिल्ला प्रहरी कार्यालय मुस्ताङका अनुसार आइतबार एक हजार दुई सय सात वटा गाडीमा ११ हजार एक सय ९२ नेपाली र तीन सय ४७ जना विदेशी, शनिबार चार सय ३७ वटा गाडीमा तीन हजार पाँच सय २७ नेपाली र चार सय ५६ विदेशी पर्यटक भित्रिएका थिए । शनिबार र आइतबार मुस्ताङ भित्रिएकामध्ये अधिकांश कागबेनीमा पिण्डदान र मुक्तिनाथ दर्शन गर्ने भक्तजन रहेका प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले बताउनुभयो । "तीर्थयात्री र पर्यटकलाई लक्षित गरेर जोमसोममा प्रहरीले स्वास्थ्य सहायता कक्ष सञ्चालन गरेको छ", उहाँले भन्नुभयो, "तीर्थयात्रुको सुरक्षा, पूजा व्यवस्थापन र यातायात व्यवस्थापनमा पनि सुरक्षाकर्मी परिचालन गरिएको छ ।"

बडादसैँ र चैतेदसैँअघिको सोह्रश्राद्धा तथा औँशी तिथिमा कागबेनीमा दिवङ्गत आफन्तलाई पिण्डदान र मुक्तिनाथ दर्शन गर्ने तीर्थयात्रीको भीड लाग्ने गर्दछ। गत बर्खामा बाढीले क्षति पुऱ्याएको कागबेनीमा अस्थायी संरचना बनाएर पिण्डदान गर्ने व्यवस्था मिलाएको कागबेनीका अगुवा धारा गुरुङले बताउनुभयो ।

वार्षिक परीक्षापछि विद्यालय बिदा भएको, अनुकूल मौसमका कारण मुस्ताङ घुम्नेको पनि चहलपहल बढेको छ । बिदाको फुर्सदमा परिवारसहित मुक्तिनाथ हुँदै कोरलासम्म घुम्न निस्किएको धवलागिरि गाउँपालिका-७ ताकमका शिक्षक जीवन पौडेलले बताउनुभयो।

## पोखराका होटलमा पर्यटकको चहलपहल बढ्यो

**रासस**
पोखरा, २६ चैत

नयाँ वर्ष २०८१ को छेकोमा पर्यटकीय राजधानी पोखरामा पर्यटकको आउजाउ बढेको छ।

चैत-वैशाख दोस्रो मुख्य पर्यटकीय याम पनि रहेकाले पोखरामा आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको हो। यहाँका होटलमा पाहुनाको सङ्ख्या क्षमताको ५० प्रतिशतसम्म पुगेको होटल सङ्घ पोखराका अध्यक्ष अध्यक्ष लक्ष्मण सुवेदीले बताउनुभयो।

"शुक्रबार-शनिबार त होटलको अकुपेन्सी ६० प्रतिशतसम्म पनि पुग्छ", उहाँले भन्नुभयो, "नयाँ वर्षका बेला ९० प्रतिशतभन्दा माथि पुग्ने हाम्रो अपेक्षा छ ।" पर्यटनका लागि 'अफ सिजन' मानिने गत पुस-माघमा पोखराका होटलको 'अकुपेन्सी' दस प्रतिशतभन्दा कममा सीमित थियो । नयाँ वर्षलाई लक्षित गरेर लेकसाइडमा '१९औँ फेवा नव वर्ष महोत्सव' आयोजना गरिएकाले पर्यटकको आवागमन थप बढ्ने अध्यक्ष सुवेदीको अपेक्षा छ । महोत्सव अवधिमा होटलमा ३० प्रतिशत छुटको व्यवस्था मिलाइएको उहाँको भनाइ छ । उहाँका अनुसार पोखरामा दैनिक ४० हजार पर्यटक राख्न सक्ने होटलको क्षमता छ । "अहिले दैनिक औसतमा २० हजार आन्तरिक तथा बाह्य पर्यटक पोखरामा छन्", उहाँले भन्नुभयो, "यहाँ रहेका १२ सयभन्दा बढी होटल भरिभराउ हुन दैनिक ४० हजार पर्यटक पोखरा हुनुपर्छ ।"

यो याममा उल्लेख्य मात्रामा भारतीय पर्यटक घुमफिरका लागि पोखरा आउने गरेका छन् । पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने तेस्रो मुलुकका पर्यटकले पनि केही समय पोखरामा बिताउने गरेको अध्यक्ष सुवेदीले बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण सुवेदीले अहिले दैनिक डेढदेखि दुई सयसम्म भारतीय निजी सवारीसाधन पोखरा भित्रिरहेको बताउनुभयो ।

"हवाईमार्ग र सार्वजनिक सवारीसाधन प्रयोग गरेर आउने पनि उत्तिकै छन्", उहाँले भन्नुभयो, "पोखरा र आसपासका गन्तव्यस्थल घुम्न र गर्मी छल्न भारतीय पर्यटक आउने गरेका छन् ।" पोखरा आउने भारतीय पर्यटकमध्ये झण्डै ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गरेको अध्यक्ष श्रेष्ठले बताउनुभयो । पोखरा भित्रने विदेशी पर्यटकको यकिन तथ्याङ्क भने कुनै पनि निकायसँग नरहेको उहाँको भनाइ छ । अध्यक्ष श्रेष्ठले व्यवस्थित प्रचारप्रसार र प्रवर्द्धन गर्न सके पोखरामा वार्षिक २० लाख भारतीय पर्यटक भित्राउन सकिने बताउनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा रबिन कडरियाले पोखरा आउने विदेशी पर्यटकमध्ये करिब ४० प्रतिशत अन्नपूर्ण क्षेत्रको पदयात्रामा जाने गरेको बताउनुभयो । उहाँका अनुसार गत अङ्ग्रेजी महिना मार्चमा ३० हजार एक सय ९९ विदेशी पर्यटकले अन्नपूर्ण क्षेत्रको भ्रमण गरेका थिए । जसमध्ये दक्षिण एसियाली मुलुकका १४ हजार छ सय ६८ र अन्य देशका १५ हजार पाँच सय ३१ जना थिए । अन्नपूर्ण क्षेत्र घुम्न जाने दक्षिण एसियाली मुलुकका पर्यटकमध्ये ९० प्रतिशत जति भारतीय हुने गरेको प्रमुख डा कडरियाले बताउनुभयो । दोस्रो मुख्य पर्यटकीय याम सुरु भएसँगै यस क्षेत्रमा पर्यटकको चहलपहल बढेको उहाँको भनाइ छ । "वैशाखको अन्त्यसम्ममा यस क्षेत्रमा भित्रने पर्यटकको संख्या अझै बढ्छ", उहाँले भन्नुभयो, "असोज-कात्तिक र चैत-वैशाखको याम पदयात्रा पर्यटनका लागि उत्तम मानिन्छ, पदयात्रामा आन्तरिक पर्यटकको पनि आकर्षण बढ्दो छ ।" अन्नपूर्ण चक्रीय पदमार्ग विश्वभरका पदयात्री पर्यटकको रोजाइमा पर्दै आएको उहाँको भनाइ छ । 'एक्याप'का अनुसार सन् २०२३ मा एक सय ७३ देशका एक लाख ९१ हजार पाँच सय ५८ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए । जुन संख्या हालसम्मकै बढी हो ।

त्यसअघि सबैभन्दा बढी सन् २०१९ मा एक लाख ८१ हजार पर्यटक त्यहाँ पुगेका थिए। अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थल पर्छन् ।

## डढेलोबाट बचौं र बचाऔं ।

◆ सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
◆ जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
◆ सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
◆ जन, धन र वनको संरक्षण गरौं,
सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेमराज पहारी स्मृति पुरस्कार साहित्यकार सरुभक्तलाई

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ चैत

हेमराज पहारी स्मृति पुरस्कार २०८० बाट साहित्यकार सरुभक्तलाई सम्मान गरिने भएको छ । पुरस्कार राशि नगद रु एक लाख र ताम्रपत्र छ।

नेपाली साहित्यमा सरुभक्तले पुऱ्याउनुभएको योगदानको कदर गर्दै पुरस्कार प्रदान गर्न लागिएको प्रतिभा छनोट समितिका संयोजक पद्मराज ढकालले जानकारी दिनुभयो । प्रतिभा छनोट समितिका सदस्यमा कृष्णप्रसाद पौडेल र सरस्वती श्रेष्ठ 'सरु'


बाँकी अन्तिम पृष्ठमा ▶▶



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# '३ लाखको आलु कारोवार'

पोखरापत्र संवाददाता
पोखरा, २६ चैत



१२ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सवको दोस्रो दिन सोमवारसम्म करिव रु ३ लाखको आलुको कारोवार भएको छ।

त्यहाँ प्रतिकेजी रु.४० मा आलु बिक्रीवितरण भइरहेकोमा आलु किन्नकैलागिपोखरामहानगरपालिका लगायत अन्नपूर्ण गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका सहित छिमेकी जिल्लाहरुबाट समेत मानिसहरु महोत्सव स्थल पुगेका छन्। कतिपयले हेमजाको आलु मिठो हुने भन्दै चाख्नकै लागि भएपनि आलु किन्न पुगेको प्रतिक्रिया दिएका छन् ।हेमजाको आलु छिटो पाक्छ, अन्यको तुलनामा बढी स्वास्थ्यकर पनि छ, त्यसैले यसपटक घरमा चाहिने ३० किलो आलु किनी लगेको सोमवार आलु खरिद गर्दै गरेकी माछापुच्छ्रे ५ रिभानकी माया विकले बताइन् । कार्यक्रमका बीच खाध्य सुरक्षाका लागि आलु महत्वपूर्ण रहेको चर्चा गरिएको छ ।कार्यक्रममा धारणा राख्दै नेपाल कृषि अनुसन्धान परिषद्(नार्क)का कार्यकारी निर्देशक डा. सुरेन्द्रलाल श्रेष्ठले आलुले खाध्य सुरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको औंल्याउँदै पोषणा सुरक्षाका हिसावले पनि आलु सर्वोत्कृष्ट वाली भएको बताए । महोत्सव अन्तर्गत सोमवार कलाकारहरु जीवन दाहाल, शिवहरी ढुङ्गाना, परशुराम अधिकारी, रवी कार्की, कृष्ण सुवेदी, इन्द्रा गुरुङ, तुलसा क्षत्री, सुमन खड्का, कमला सुनार तथा गुड लक मन्टेश्वरीका प्रस्तुति रहे ।

त्यस्तै मंगलवार जीवन दाहाल, शिवहरी ढुङ्गाना, परशुराम अधिकारी, बविता जेरी, चोलेन्द्र पौडेल, अमर धिताल, सन्तोष सुवेदी, पुजा तामाङ र नविता सुवेदीका प्रस्तुतिहरु रहने जनाइएको छ । महोत्सवमा दर्शक सहभागिता पनि दिनप्रतिदिन बढ्दै गइरहेको छ ।जसअन्तर्गत सोमवारसम्ममा ५ हजार दर्शकले महोत्सव अवलोकन गरेका छन् ।महोत्सवकै अवसरमा कृषि अनुसन्धान निर्देशनालय लुम्लेले प्रदेश स्तरीय कृषि प्रविधि प्रदर्शनी तथा मेला पनि आयोजना गरिरहेको छ । महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत रहेका छन् ।

# हेमराज...

रहनुभएको थियो । वैशाख ७ गते हुने समारोहमा पुरस्कार अर्पण गर्ने प्रतिष्ठानले जनाएको छ।

साहित्यकार एवं समाजसेवी हेमराज पहारीको स्मृतिमा स्थापित हेमराज पहारी स्मृति प्रतिष्ठानले स्थापना र सञ्चालन गर्दै आएको यो पुरस्कारबाट यसअघि सत्यमोहन जोशी, राप्ती साहित्य परिषद्, विमल गुरुङ स्मृति पुस्तकालय, लोककवि अली मियाँ, झरना साहित्य परिवार र साहित्य सन्ध्या सम्मानित भइसक्नुभएको छ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपतिसमेत रहनुभएका सरुभक्त पाँच दशकदेखि नेपाली साहित्यमा क्रियाशील हुनुहुन्छ । साहित्यका सबैजसो विधामा कलम चलाउने उहाँका चार दर्जनभन्दा बढी कृति प्रकाशित छन् । प्रतिष्ठानले हेमराज पहारीका बाँकी सिर्जना प्रकाशन, उनका योगदान र सिर्जनाको प्रवर्द्धन एवं नेपाली साहित्यको उत्थानका लागि काम गरिरहेको अध्यक्ष रीता पहारीले जानकारी दिनुभयो ।

# पर्यटकीय गन्तव्य पहिचान एवम् प्रवर्द्धन गर्दै टोली नवलपुरमा

पोखरापत्र संवाददाता
गण्डकी, २६ चैत

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदेशको आयोजना एवम् गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको प्रवर्द्धनमा शनिबार पोखरादेखि हिँडेको टोली नवलपुर आइपुगेको छ।

सञ्चारकर्मीसहितको पर्यटन व्यवसायीको १९ सदस्यीय टोली तीन दिने कार्यक्रम अन्तर्गत पोखराबाट गन्तव्य पहिचान एवम् प्रवर्द्धन यात्रा सुरु गरेको थियो । पोखरा पर्यटन राजधानी घोषणा भइसकेका अवस्थामा पोखरासँगै आसपासका पर्यटकीय गन्तव्यको प्रवर्द्धन जरुरी रहेको अवस्थालाई दृष्टिगत गरी पोखराबाट बागलुङ हुँदै नवलपुरसम्मको गन्तव्य पहिचान एवम् प्रवर्द्धन कार्यक्रम तय गरिएको नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले जानकारी दिनुभयो।

"बागलुङ, कालीगण्डकी करिडोर र आसपासका पर्यटकीय गन्तव्य समेतको पहिचान गर्ने गरी कार्यक्रम तय गरेका हौँ", उहाँले भन्नुभयो, "करिडोर अन्तर्गत निर्माणाधीन सडकको अवस्थासँगै आसपासमा जोडिएका स्थानको स्थलगत अवलोकन समेत गरेका छौँ।" सोही अवसरमा बागलुङको जैमिनी नगरपालिकाको स्थानीय संयोजन एवम् सहयोगमा जैमिनी ऋषिले तपस्या गर्नुभएको जैमिनी धामको अवलोकन गरिएको छ। साथै उक्त नगरपालिकामा रहेका पर्यटकीय गन्तव्यका सम्बन्धमा सरोकारवालबीच छलफल गरिएको कार्यक्रम संयोजक एवम् नाट्टा गण्डकी प्रदेशका द्वितीय उपाध्यक्ष कमला गिरीले जानकारी दिनुभयो । टोलीले आइतबार नवलपुरस्थित गजेन्द्र मोक्षधाम र प्रिप्रहर सामुदायिक होमस्टेमा नवलपुरको धार्मिक पर्यटकीय सम्भावना, घरवासआदि सम्बन्धमा सरोकारवालाबीच छलफल एवम् अन्तरक्रिया गरेको नाट्टा गण्डकी प्रदेशका महासचिव सङ्गीता पौडेलले जानकारी दिनुभयो। आइतबार नै नवलपुरको वाल्मिकी आश्रमको स्थलगत अवलोकन समेत गरिएको उहाँले बताउनुभयो । टोलीले आज रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालयमा अस्पतालका निर्देशक डा विनोद पौडेलसँग प्राकृतिक चिकित्सा, स्वास्थ्य जीवन पद्धतिलगायतका विषयमा अन्तरक्रियालगायतका कार्यकम गरी साँझ पोखरा फर्कने छ। गन्तव्य पहिचान एवम् प्रवर्द्धन कार्यक्रमले यस क्षेत्रको पर्यटकीय सम्भावना, चुनौतीलगायतका विषयमा जानकारी प्राप्त भएको नाट्टा गण्डकी प्रदेशका निवर्तमान अध्यक्ष एवम् पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देलले बताउनुभयो।


# भर्ना खुल्यो !

यस **भद्रकाली माध्यमिक विद्यालय** पोखरा-१३, कुँडहरमा नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्वारा स्वीकृत प्राप्त व्यवसायिक तालिम तथा प्राविधिक शिक्षा परिषद् अन्तर्गतको स्वास्थ्य विज्ञानमा प्रविणता प्रमाणपत्र उत्तीर्ण गरिसकेका विद्यार्थीहरूका लागि उच्च माध्यमिक तहको समकक्षता प्राप्त गरी स्नातक तह अध्ययन गर्नका लागि तयार पारिएको **पूर्वावश्यक पाठ्यक्रम (Prerequisite Curriculum)** मा भर्ना खुलेको जानकारी गराइन्छ।

**नयाँ शैक्षिक सत्र २०८१ को**

**भर्ना हुने अन्तिम मिति: २०८१ बैशाख ७ गते शुक्रबारसम्म**

**कक्षा संचालन मिति: २०८१ बैशाख १० गते सोमबारबाट**

विद्यालय प्रशासन
**भद्रकाली माध्यमिक विद्यालय परिवार**
**पोखरा-१३ कुँडहर**
फोन नं.: ०६१-५८३७८७, ९८५६०१२१६७, ९८४६०५९४५१, ९८५६०३६४३२



## भारतीय राजदूतावास
## पेन्सन वितरण कार्यालय, पोखरा

## दरभाउ उपलब्ध गराइदिने सम्बन्धमा ।

भारतीय राजदुतावास, पेन्सन वितरण कार्यालय पोखरामा, रेट कन्ट्रेक्ट/एग्रीमेण्ट गर्नुपर्ने भएकोले एग्रीमेण्ट भएको मितिबाट कम्तीमा एक वर्षको लागि निम्न लिखित सामाग्रीहरुको अवश्यकताको लगि दर, भाउ सम्बन्धी सम्झौता (Rate Contract) गर्न इच्छुक फर्म वा कम्पनीले यस कार्यालमा मिति १९ अप्रिल २०२४ दिनाङ्क (२०८१ वैशाख ०७) सम्ममा उपलव्ध गराइदिनुहुन यो सूचना प्रकाशित गरिएको छः

**तपशिल:**
(क) भवन मर्मत र संहार सम्वन्धी सामाग्री।
(ख) खानेपानी आपूर्ति सम्वन्धी सामाग्री।
(ग) इलेक्ट्रिकल/विद्युतीय सम्वन्धी सामाग्री।
(घ) स्टेशनरी सम्वन्धी सामाग्री।
(ङ) प्रिन्टिङ सम्वन्धी सामाग्री।
(च) आइ.टी स्टेशनरी (टोनर कार्टेज/रिवन कार्टेज ड्रम/ब्लेड, प्रिन्टिङ पेपर आदि) सम्बन्धी सामाग्री।
(छ) कार्यालय पोशाक सम्बन्धी।
(ज) सरसफाई सम्बन्धी सामाग्री।

नोटः आवश्यक पर्ने समाग्रीहरुको विवरण र कन्ट्रेक्ट/एग्रीमेण्टको नियमहरु यस कार्यालयको प्रशासन शाखाबाट प्राप्त गर्न सकिने छ।
सम्पर्क नं.: ०६१-४३५८०४
०६१-४३५८०५
Email: oicpok.pokhara@mea.gov.in

**सहायक सहचारी र कार्यालय प्रमुख**
**भारतीय राजदुताबास**
**पेन्सन वितरण कार्यालय, पोखरा**




# कपालको उपचार

## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



# के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो।

- एल्फ्रेड डे

## सम्पादकीय

# कोशीका कार्कीको राजीनामा निकास

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीलाई समर्थन गरेको नेकपा एमाले र विश्वासको मत दिएको माओवादी केन्द्रले समर्थन फिर्ता लिएसंगै बहुमत गुमाएको छ। दुवै दलका ५३ जना सांसदहरुले प्रदेश प्रमुख परशुराम खापुङ्ग समक्ष नयाँ सरकार बनाउन सक्षम रहेको जनाउ दिएका छन। संसदीय प्रणाली अपनाएका मुलुकमा बहुमत साँसदको समर्थन नपाउने बित्तिकै सरकार छोड्नुपर्छ। कांग्रेसभित्र विद्रोह गरेका आठ सांसदसहित एमालेका ३९ सांसदको समर्थनमा २७ असोज २०८० मा कार्की संविधानको धारा १६८ को उपधारा ५ अनुसार मुख्यमन्त्री नियुक्त भएका थिए। त्यतिबेला कार्कीले दोस्रो कार्यकालको प्रदेशसभाबाट बनेको पाँचौं सरकारको रूपमा मुख्यमन्त्री बनेका थिए। एमाले र माओवादीका सांसदहरूले समर्थन फिर्ता लिएपछि कार्की नेतृत्वको सरकार अधिकतम ३० दिनसम्म भने टिक्ने देखिन्छ।

संविधानले ३० दिनभित्र विश्वासको मत लिएर सरकार अघि बढाउन सक्ने विकल्प कार्कीलाई दिएको छ। तर, ९३ सदस्यीय कोशी प्रदेशसभाका ५३ सांसदहरूले समर्थन फिर्ता लिएसँगै कार्कीले विश्वासको मत पाउने सम्भावना लगभग शून्य छ। कार्कीले विश्वासको मत नपाए नयाँ सरकार गठनको प्रक्रिया कसरी अघि बढ्छ भन्ने प्रश्न पनि कोशीको राजनीतिक वृत्तमा भने छ। संविधानले परिकल्पना गरेको सरकार गठनको अन्तिम विकल्पको रूपमा कार्की उपधारा ५ अनुसार मुख्यमन्त्री नियुक्त भएका थिए। अब बन्ने दोस्रो कार्यकालको प्रदेशसभाको छैठौं सरकार कुन तरिकाले बन्छ भन्ने चर्चा सुरु भएको छ। हुन त मुख्यमन्त्री केदार कार्की अल्पमतमा परेको भन्दै एमाले र माओवादीका सांसदहरूले हिक्मत कार्कीलाई आफूहरूले मुख्यमन्त्री बनाउन चाहेको दाबीसहितको पत्र सोमबार प्रदेश प्रमुखलाई दिइसकेका छन्। सरकार बन्ने विकल्प अझै बाँकी रहेको पुष्टि गर्न प्रदेश प्रमुखले सरकार गठन आह्वान नगरिकनै हिक्मत कार्कीलाई मुख्यमन्त्री बनाउन तयार रहेको पत्र प्रदेश प्रमुखलाई दुई दलहरू मिलेर दिएका छन।

‘सरकार गठनको विकल्प छ है’ भनेर ५२ जना सांसदको हस्ताक्षरसहित हिक्मतकुमार कार्कीले मुख्यमन्त्रीमा दाबी पेस गरेको छ। एमाले संसदीय दलका प्रमुख सचेतक रेवती भण्डारी ‘प्रदेश प्रमुखले सरकारको आह्वान गरेपछि मात्र सरकारको दाबी लिएर जानु पर्छ। तर, अहिले अवस्था अलि फरक छ,’ भण्डारीले भने, ‘यो भने सरकार बनाउन सक्षम छौं है भनेर दिएको राजनीतिक दाबी हो।’ संविधानको धारा उल्लेख नगरी एमालेले सर्वोच्च अदालतको फैसलालाई टेक्दै आफूहरूले केदार कार्कीलाई दिएको समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखलाई दिएका छन्। संविधानको धारा १८८ को उपधारा २ बमोजिम समर्थन फिर्ता लिने एमालेभित्र तयारी थियो। तर, सांसदको हैसियतमा समर्थन गरेका एमाले सांसदहरूले सो उपधारामा ’सरकारमा सहभागी दल’ भन्ने शब्द भएकाले सर्वोच्चको नजिरको व्याख्या गर्दै कार्कीलाई दिएको समर्थन फिर्ता गरेका हुन्।

केपी शर्मा ओलीले दोस्रो पटक प्रतिनिधिसभा विघटन गरेपछि शेरबहादुर देउवासमेतले दायर गरेको रिटमा सर्वोच्च अदालतको संवैधानिक इजलासले गरेको फैसलालाई एमालेले उदृत गरेको जसमाले चासो नि संवैधानिक इजलासले उपधारा ५ मा दिएको समर्थन फिर्ता हुनसक्ने व्याख्या गरेको छ। फैसलाको पूर्णपाठको बुँदा नम्बर ८६ मा उपधारा ५ अनुसार दिएको समर्थन चिरस्थायी नहुने भन्दै अवस्था र परिस्थितिअनुसार फिर्ता लिन सकिने स्पष्ट छ। फैसलाको बुँदा नम्बर ८६ मा भनिएको छ, ‘यस उपधारा अनुसार प्रदान गरिने समर्थन वा व्यक्त गरिने विश्वास दलीय निर्णयको आधारमा पनि गर्न सकिन्छ, साथै प्रतिनिधिसभाका सदस्यहरूले आफ्नो स्वतन्त्र विवेक र बुद्धिमत्ता प्रयोग गरेर पनि समर्थन वा विश्वास व्यक्त गर्न सक्ने देखिन्छ। यसरी दिइएको समर्थन वा विश्वास चिरस्थायी नै हुनुपर्दछ भन्ने पनि हुँदैन। अवस्था र परिस्थिति अनुसार दिइएको दलीय वा व्यक्तिगत समर्थन फिर्ता लिन पनि सकिन्छ।’ यही फैसलाको आधारमा समर्थन फिर्ता लिएको बताएको एमालेले अधिकतम ३० दिनसम्म केदार कार्की नेतृत्वको सरकार बहाल रहने जनाएको छ।

मुख्यमन्त्री कार्कीले भने विश्वासको मत नलिने र राजीनामा पनि नदिने भन्दै आएका हुन। आफुसंग बहुमत नपुग्नेबेलमा सरकारमा टाँसिन मिल्दैन। संविधानको धारा १६८ को उपधारा ५ बमोजिम गठित सरकारको समर्थन फिर्ता लिए ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था नभएको बताउँदै आएका छन्। मुख्यमन्त्री कार्की आफूले राजीनामा दिए वा विश्वासको मत परीक्षण गर्दा प्रदेशसभा विघटन हुने र प्रदेश मध्यवधिमा जाने दाबी गर्दै आएका छन्। तर, कार्कीले भनेजस्तै प्रावधान पनि संविधानमा कहींकतै देखिँदैन। बहुमत नभएको दिन खुरुक्क राजीनामा गरेर नयाँ सरकार बनाउन लचक हुनैपर्छ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाव |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# दुलेगौँडा-लिलाचोक खण्ड कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ चैत

विश्व बैंकको सहयोगमा तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित दुलेगौँडा लामागाउँ मोटरमार्गअन्तर्गत दुलेगौँडा-लिलाचोक खण्ड कालोपत्रको तयारी गरिएको छ।

नगरपालिकाको हालसम्मकै ठूलो आयोजनाअन्तर्गत रहेको उक्त खण्ड कालोपत्रका लागि निर्माण कम्पनीसँग नगरपालिकाले सम्झौता गरेको छ। विश्व बैंकको सहयोगरनेपालसरकारकोअनुदानमा सञ्चालित सहरी शासन र पूर्वाधार परियोजना (एनयुजिआइपी) अन्तर्गत उक्त मोटरमार्गको ७.१ किलोमिटर दूरी कालोपत्रका लागि बानियाँ निर्माण सेवा हेटौँडासँग सम्झौता गरिएको नगरपालिकाका इन्जिनियर तारापति भट्टराईले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार उक्त ठेक्काको रकम रु २७ करोड ३४ लाख ७९ हजार आठ सय ३४ रहेको छ। भट्टराईले भन्नुभयो, “१५ महिनाभित्र काम सम्पन्न गर्ने गरी सम्झौता भएको छ। नगरपालिकाले यो सडकलाई नगर गौरवको आयोजनाको रुपमा छनोट गरेको थियो।” उहाँका अनुसार शुक्लागण्डकी-४ दुलेगौँडाबाट सुरु हुने कालोपत्रले शुक्लागण्डकी-८, ९ र १२ वडालाई जोड्छ। उक्त खण्डमा अस्फाल्ट प्रविधिबाट कालोपत्र हुनेछ। इजिनियर भट्टराईले भन्नुभयो, “उकालो र गाह्रो केही ठाउँमा आरसिसी ढलान हुनेछ। अन्य ठाउँमा नालासहितको कालोपत्र हुनेछ।” दुलेगौँडास्थित बिपीचोक, हेल्थपोष्ट चोक, पुल्चोक, घारी, तालवेशी, मालेबगर हुँदै लिलाचोकसम्म कालोपत्र हुनेछ। सडकको चौडाइ दश मिटरको रहनेछ। यहाँ ५.५ मिटर कालोप, कालोपत्रको दुवै छेउमा एक/एक मिटरको नाला निर्माण हुने उहाँले जानकारी दिनुभयो।

शुक्लागण्डकी-४ दुलेगौँडाबाट वडा नं १२ लामागाउँ मोटरमार्ग १४ किलोमिटर छ। कच्ची सडकका कारण हिउँदमा धुलाम्य र वर्षामा हिलाम्य हुँदा सर्वसाधारणलाई आवतजावतमा समस्या हुँदै आएको छ। सडक कालोपत्र भएपछि सहज रुपमा आवतजावत गर्न सकिने भन्दै समयमै काम सम्पन्न गर्न निर्माण व्यवसायीलाई आग्रह गरिएको नगर उपप्रमुख खुमबहादुर विकले बताउनुभयो। उहाँले भन्नुभयो, “यो सडकलाई हामीले नगरको गौरवको आयोजनाको रुपमा राखेका छौं। सडक कालोपत्र भएपछि सर्वसाधारणलाई सहज रुपमा आवतजावत गर्न सहयोग पुग्नुका साथै आन्तरिक पर्यटकलाई लामागाउँसम्म जान समेत सजिलो हुनेछ।”

# सडक पहुँचले नागरिकको जीवनशैली फेरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ चैत

करिब एक दशकअघिसम्म बागलुङका धेरै बस्तीमा मोटरेबल सडकको पहुँच नै थिएन। केही बजारी क्षेत्रमा कच्ची सडकको पहुँच पुगे पनि ग्रामीण क्षेत्रमा यातायतको सुविधा पुग्न सकेको थिएन।

सङ्घीयता कार्यान्वयनपछि स्थापना भएको स्थानीय तहले पहिलो प्राथमिकतामा सडकमार्गलाई राखेपछि यतिबेला यहाँका १० वटै पालिकाका बस्तीमा सडकको पहुँच पुगेको छ। दुरदराजका बस्तीसम्म सडक पुऱ्याएपछि अहिले केही विकट बस्तीमा बाहेक अधिकांश स्थानमा गाडी गुड्न थालेका छन्। घरै अगाडिबाट गाडी गुड्न थालेपछि यहाँका पाका मानिसहरु दङ्ग छन्।

जिल्लाको सबैभन्दा विकट मानिने निसीखोला, तमानखोला, ढोरपाटन, ताराखोला लगायतका क्षेत्रमा कच्ची मात्रै होइन पक्की सडक पनि धमाधम निर्माण भइरहेका छन्। जसले स्थानीयको जीवनस्तरनै बदलिन थालेको छ। ढोरपाटन नगरपालिका-६ पुरानो गाउँमा चालु आर्थिक वर्षमा पहिलो पटक मोटरबाटो पुग्यो। यसभन्दा अगाडि बजारबाट सामान ढुवानी गर्न घोडा खच्चडकै भरपर्नु पर्ने स्थानीयको बाध्यता हट्यो। निकै विकट मानिने पुरानो गाउँमा ढोरपाटन नगरपालिकाले यसवर्ष करिब २० लाखको लागतमा सडक निर्माण गरेको हो। करिब एक घण्टाको दुरीमा रहेका गाडीखोला र मोराङ गाउँमा वर्षौं पहिले सडक पुगे पनि पुरानो गाउँमा पुग्न सकेको थियो। गाउँमा सडक पुगेपछि हिजोआज दैनिक गाडी गुड्न थालेका छन्। गाउँमा सडक पुग्नुभन्दा पहिले यहाँका हजारौं नागरिकले बजारबाट सामान ढुवानी गर्दा साह्रै समस्या खेप्ने गरेको भन्दै गाउँमा कोही बिरामी पर्दा बोकेरै अस्पताल पुऱ्याउनुपर्ने बाध्यता थियो। मोटरबाटोले स्थानीयवासीको वर्षौंदेखिको समस्या समाधान गरेको स्थानीय कुलबहादुर बढा मगरले बताउनुभयो। गाउँमा अधिकांश स्थानीय कृषि र पशुपालनमा आवद्ध रहेको हुँदा अब यहाँ उत्पादन भएका वस्तु बजारसम्म पुऱ्याउन र बजारबाट सामान ल्याउन सहज हुने बुढा मगरको भनाइ छ। अब दोकानबाट सामान ल्याउन मान्छेले बोक्नु नपर्ने उहाँ बताउनुहुन्छ। यसभन्दा अगाडि छिमेकी गाउँमा सडक आएको सुनाउँदै यसवर्ष बल्ल सरकारले यस क्षेत्रका नागरिकको समस्या बुझेर सडक पुऱ्याइदिएको बुढा मगरको भनाइ छ। उहाँले भन्नुभयो, “यो गाउँमा धेरै पहिलेनै सडक आउनुपर्ने हो तर विकटताका कारण अहिलेसम्म जोडिन सकेको थिएन, गाउँलेहरुले धेरै पटक सरकारलाई आग्रह गरेका थिए, यसपाली बल्ल आयो, धेरै खुसी लागेको छ, हामी वन जङ्गलमा घाँस दाउरा गर्ने, पशु पाल्ने र खेती किसानी गर्नेलाई बजार जाँदाआउँदा गाडीको सुविधा हुने भयो, पहिला सबै सामान बोकेर ल्याउँथ्यौं, बजारमा पुग्न तीन/चार घण्टा लाग्थ्यो अब त छिट्टै पुग्न सकिने भयो।”

ताराखोला गाउँपालिका-५ मदमडाँडामा सडक पुगेको तीन वर्ष भयो। सडक पुगेपछि अहिले स्थानीयवासीले घरमै दैनिक उपभोग्य सामग्री किनमेल गर्न पाएका छन्। जिल्लाको विकट गाउँ मानिने मदमडाँडामा लामो समयपछि सडक पुग्दा स्थानीयको दैनिकीनै बदलिएको छ। म्याग्दीको सिमानासँग जोडिएको यो ठाउँ पर्यटकीय हिसाबले निकै महत्वपूर्ण छ। स्थानीय सरकार आउनुपूर्व मदमडाँडासँगै ताराखोला गाउँपालिकाले धेरै गाउँमा सडक पुगेका थिएनन्। गाउँपालिकाले अहिले गाउँसँगै अधिकांश बस्तीमा समेत सडक पुऱ्याएको छ। बस्तीमै सडक पुगेपछि स्थानीयवासी खुसी भएका छन्। गाउँमा सडक आएपछि गाउँलेहरुले जीवनशैलीनै बदलिएको स्थानीयवासी प्रेमबहादुर घर्तीले बताउनुभयो। बजारभन्दा गाउँ निकै टाढा हुँदा यहाँका सयौं नागरिकले घण्टौं लगाएर नून, तेल जोहो गर्नुपरेको घर्तीले स्मरण गर्दै अहिले घर-घरमा दोकान खुलेको उहाँ बताउनुहुन्छ। ताराखोला गाउँपालिका आलु र भाँगो उत्पादनमा उर्वर मानिन्छ।

# एमाले स्याङ्जाको अध्यक्षमा पुनः गैह्रे

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २६ चैत



६ बर्ष अगाडी माओवादीको जिल्ला नेतृत्वमा रहेका सुर्यप्रसाद गैह्रे (पारस) दुईपटक नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्याङ्जाको अध्यक्षमा निर्वाचित हुन सफल भएका छन्। २०७५ सालमा नेकपा एमाले र माओवादी पार्टी एकिकरण भएपछि बनेको नेकपाको जिल्ला अध्यक्ष बन्ने सौभाग्य पाएका गैह्रे एमाले र माओवादी फुटेपछि एमाले पार्टीमा प्रवेश गरेका थिए। एमालेमा प्रवेस गरेपछि भएको आठौ अधिवेसनमा गैह्रेले एमाले स्याङ्जाका पुराना नेता तथा सांसद नारायण मरासिनीलाई पराजित गरेर अध्यक्ष बने। आठौ अधिवेसनमा उनलाई नेकपा एमाले केन्द्रीय सचिव पद्मा अर्यालको साथ थियो। आठौ अधिवेसन सम्पन्न भएको झण्डै साढे दुईबर्ष पछि नवौ अधिवेसनमा पुनः सर्वसहमतिमा अध्यक्ष बनेका छन्। यो पटकको निर्वाचनमा भने गैह्रेलाई नेकपा एमालेका केन्द्रीय उपमहासचिव पृथ्वीसुब्बा गुरुङ्को साथ रहेको थियो। केन्द्रीय सचिव अर्याल गण्डकी प्रदेश एमालेको निर्वाचनमा उपमहासचिव गुरुङ्लाई च्यालेन्ज गर्दै खगराज अधिकारीसगँ मिलेर समुह बनाएएकी थिइन्। एमाले गण्डकी प्रदेशको निर्वाचन पछि स्याङ्जामा गुटबन्दीको शुरुवात भएको थियो। एमाले स्याङ्जाको अभिभावक बनेकी अर्याल पछिल्लो समय कमजोर हुन थालेको देखिएको छ। अर्यालले अध्यक्ष बनाउन खोजेकी राजेन्द्र डुम्रेलाई बनाउन नसक्ने निष्कर्षपछि उनले नारायण मरासिनीलाई अगाडी सारेकी थिइन्। मरासिनीलाई पनि अध्यक्ष बनाउन कठिन देखेपछि अन्तत अर्यालले पृथ्वीसुब्बा गुरुङ समुहका गैह्रेलाई अध्यक्ष बनाउन बाध्य भएको एमाले स्याङ्जा स्रोत बताउछ। जसले गर्दा अर्यालको आफ्नै गृह जिल्लामा कमजोर भएको देखिएको छ। एकपटक निर्वाचन लडेर र अर्कोपटक सर्वसहमतिमा अध्यक्ष बनेका गैह्रेले एमाले स्याङ्जामा ह्याट्रीक गर्न सफल भएका छन्। उनको यो ह्याट्रीकले पुराना एमालेका नेताहरु दङ्ग परेका छन्। अर्को तर्फ दुई महिना अगाडी नेपाल कम्युनिष्ट पार्टी समाजवादी माधव नेपालको पाटीको जिल्ला अध्यक्ष बनेका रामचन्द्र भट्टराई एमालेमा प्रवेश गरे लगत्तै जिल्ला सचिव बन्न सफल भएका छन्। उनी एमाले स्याङ्जामा लामो राजनीति गरेका भएपनि पार्टी छाडेर समाजवादीमा गएका भट्टराईलाई यति छिट्टै पदाधिकारीमा लान नहुने तर्क कार्यकर्तामा थियो। तर पनि उनी नेतृत्वकै दवावका कारण एमालेको जिल्ला सचिव सर्वसहमतिमा बने। नवौ अधिवेसनले एमाले स्याङ्जाको बागडोर आयतीत व्याक्तिहरुको काधमा पुगेको छ।

यसैगरी नेकपा एमाले स्याङ्जाको नवौ अधिवेसनबाट उपाध्यक्षमा महेश पुरी, उपसचिवमा अमृत श्रेष्ठ र चीनमाया गुरुङ निर्विरोध चयन भएको नवौं अधिवेशन निर्वाचन कमिटीका संयोजक टंकप्रसाद न्यौपानेले जानकारी दिए।

नवौं अधिवेशनले अध्यक्ष, उपाध्यक्ष, सचिव, दुई उपसचिव र एक सय सदस्य गरी एक सय पाँचजनाको जिल्ला कमिटी चयन गरेको हो। पदाधिकारी बोह जिल्ला सदस्यमा झण्डै २ सय जनाको उम्मेदवारी परेको थियो। पदाधिकारीको सर्वसहमतिमा टुङ्गिएपछि नेतृत्वले सदस्यहरुलाई पनि सर्वसहमतिमै टुङ्गो लगाएका थिए। एमाले स्याङ्जामा ९ हजार ५ सय ४३ पार्टी संगठित सदस्य रहेका छन्। नवौं अधिवेशनमा स्याङ्जाका ११ स्थानीय तहका ९७ वडा कमिटी, पार्टीका जनसङ्गठन सबैको प्रतिनिधित्व हुने गरी कूल ६ सय नौ प्रतिनिधि सहभागी रहेका संयोजक न्यौपानेले बताए। चैत्र २३ गते नेकपा एमालेका केन्द्रीय अध्यक्ष केपी शर्मा ओलीले उदघाटन गरेर शुरु भएको जिल्ला अधिवेसन सर्वसहमतिमा जिल्ला कमिटी २५ गते राती टुङ्गिएको थियो। कार्यकर्ताहरुको विवादका बिच नेताहरुले जिल्ला कमिटी टुङ्ग्याएको बताइएको छ।

नेकपा माओवादी छाडेर एमालेमा प्रवेश गरेका गैह्रेले अध्यक्ष र नेकपा समाजवादी छाडेर एमालेमा प्रवेस गरेका रामचन्द्र भट्टराई सचिवमा निर्वाचित हुन सफल भएका छन्। जसले गर्दा लामो समय एमालेमा रहेर राजनीति गरेका धेरै युवा नेताहरु बाहिरीन पुग्दा विवाद भएको थियो।

# शैक्षिक सत्र सुरु हुनुअघि अभिभावकसँग छलफल गर्दै सामुदायिक विद्यालय

**पोखरापत्र संवाददाता**
बागलुङ, २६ चैत

वार्षिक परीक्षा सकिएपछि सामुदायिक विद्यालयमा पठनपाठन बन्द छ। अन्तिम नतिजा प्रकाशन नहुने बेलासम्म विद्यार्थी घरमा छन्, शिक्षकहरु परीक्षाफल तयार गर्दैछन्।

वैशाख १ गतेबाट सुरु हुने नयाँ शैक्षिक सत्रका लागि संस्थागत विद्यालय सामाजिक सञ्जालदेखि सञ्चारमाध्याममा विज्ञापन गरेर जोडतोडका साथ विद्यार्थी भित्र्याउने ध्याउन्नमा छन्। नयाँ शैक्षिक कार्यक्रम ल्याउन संस्थागत विद्यालय परामर्श र छलफलमा व्यस्त छन्। कतिपय सामुदायिक विद्यालयले भर्ना अभियान अन्तर्गत घरदैलो कार्यक्रम गरे पनि अधिकांश भने सुनसान छन्। सामुदायिक विद्यालयमा हुने शैक्षिक क्रियाकलापका विषयमा अभिभावकको घट्दो विश्वासलाई बढाउन केही विद्यालयले अभिभावकसँगै मिलेर शैक्षिक कार्यक्रम तयार पार्छन्। तिनै एकाध विद्यालयमध्येको एक विद्यालय हो, रेश नुन्थला मावि। जसले हरेक वर्षको शैक्षिक सत्र सुरु हुनुपूर्व शिक्षक, विद्यार्थी, अभिभावक र समाजसेवीसँग छलफल गरेर शैक्षिक कार्यक्रम तयार गर्छ। काठेखोला गाउँपालिका-७ रेशमा रहेको रेश नुन्थला मावि आगामी शैक्षिक सत्रका लागि शैक्षिक कार्यक्रम बनाउन व्यस्त छ। वार्षिक परीक्षा सकिएपछि अर्को शैक्षिक सत्र सुरु नहुने बेलासम्म विद्यालयले विभिन्न छलफल र अन्तरक्रिया गर्दै आएको छ। शक्षक कर्मचारीसँग छलफल सकेर उत्तर पुस्तिका जाँचको जिम्मेवारी दिएको विद्यालयले व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घसँग छलफल सकेको छ। “विद्यालयसँग जोडिएका सबै पक्ष नयाँ शैक्षिक सत्रमा कसरी अघि बढ्ने भनेर योजना बनाउने अधिकार राख्ने पक्ष हुन”, विद्यालयका प्रअ ओमबहादुर थापाले भन्नुभयो, “एक्लै हिँडेर कहीँ पुगिदैन्, सबैको साथ हुँदा गन्तव्य सजिलो हुन्छ।” निर्धारित पाठ्यक्रम पूरा गर्नु मात्रै विद्यालयको कर्तव्य नभएको बुझाइ छ थापाको। त्यसैले विद्यालयले शैक्षिक कार्यक्रम बनाउँदा व्यवहारिक पक्षलाई ध्यान दिएको उहाँको भनाइ छ। शैक्षिक कार्यक्रम तयार गर्नुपूर्वको छलफलमा सहभागी अभिभावकले विद्यार्थीलाई व्यवहारिक ज्ञान दिन आग्रह गरेका छन्। पाठ्यक्रमको पढाइले मात्रै जीवनयापन गर्ने सीप विद्यार्थीले नसिक्ने भएकाले व्यवहार सिकाइलाई जोड्न उनीहरुले आग्रह गरे। विद्यालयले अभिभावकसँग गरेको छलफलमा समाजसेवी हीराबहादुर कुँवरले दैनिक जीवनका क्रियाकलाप सिक्नेगरी विद्यालयका गतिविधि सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो। भौतिक पूर्वाधारदेखि शैक्षिक कार्यक्रम तयार गर्दा विद्यालयले सबैलाई सहभागी गराउने गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओमप्रसाद थापाले बताउनुभयो।


**गण्डकी प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**पर्यटन, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**पर्यटन तथा उद्योग कार्यालय, कास्की**

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/१२/२६

यस कार्यालयबाट मिति २०७६/०५/२५ मा कास्की जिल्ला माछापुच्छ्रे ०७ कास्कीमा संचालन गर्ने गरि माछापुच्छ्रे ०७ कास्की निवासी नारायण भण्डारीको नाउँमा दर्ता भएको फर्म दर्ता नं. १६१८९/०७६/०७७ (१५४९) को भुन खोला अलैची फर्म नामक प्राईभेट फर्म मिति मिति २०८०/१२/२६ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# मुस्ताङ भित्रने पर्यटक र तीर्थयात्रीको स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

मुस्ताङ भित्रने पर्यटक र तीर्थयात्रीको स्वास्थ्य परीक्षण गर्न थालिएको छ।

गण्डकी प्रदेश प्रहरी अस्पताल पोखराले जिल्ला प्रहरी कार्यालय मुस्ताङसँग समन्वय गरेर घरपझोङ गाउँपालिका-४ जोमसोमस्थित पर्यटक प्रहरी चोक पोष्ट परिसरमा आइतबार शिविर स्थापना गरेर स्वास्थ्य परीक्षण गर्न थालेको हो।

प्रहरी नायब उपरीक्षक भोजराज पाण्डेले तीर्थयात्रा, भ्रमण, पदयात्रा र अवलोकनका लागि मुस्ताङ आउने आन्तरिक तथा बाह्य पर्यटकको स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर शिविर सञ्चालन गरिएको जानकारी दिनुभयो। "चैते दशैंको सोह्र श्राद्ध तिथि पारेर कागबेनीमा पिण्डदान र मुक्तिनाथ दर्शनका लागि तीर्थयात्रीका साथै अनुकूल मौसमसँगै विद्यालय र विभिन्न सङ्घसंस्थाबाट मुस्ताङ घुम्न आउनेको चाप बढेको छ," उहाँले भन्नुभयो, "लेक लाग्ने (अक्सिजन कमी हुने), बिरामी हुने, ढल्ने जस्ता समस्या सृजना भई मानवीय क्षति हुन सक्ने भएकाले स्वास्थ्य परीक्षण गर्न थालिएको हो ।" जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्ष २०८०/८१ को हालसम्ममा दुई नेपाली र ६ विदेशी नागरिकको मुस्ताङमा लेक लागेर मृत्यु भएको छ । पछिल्लो तीन वर्षमा लेक लागेर २८ जनाले ज्यान गुमाएका छन् । ज्यान गुमाउनेमा अधिकांश समुन्द्री सतहदेखि तीन हजार आठ सय मिटर उचाइमा रहेको मुक्तिनाथ दर्शनका लागि आएका तीर्थयात्री हुन् । एक हप्तासम्म सञ्चालन हुने शिविरमा अशक्त, ज्येष्ठ नागरिक र दीर्घरोगीको स्वास्थ्य परीक्षण गरी परामर्श तथा प्राथमिक उपचारको व्यवस्था मिलाइएको छ । प्रदेश प्रहरी अस्पताल गण्डकीका स्वास्थ्य अधिकृत डा मृदुषा श्रेष्ठको नेतृत्वमा तीन स्वास्थ्यकर्मी खटिएको सो शिविर सञ्चालन गर्न मुस्ताङ अस्पतालले प्राविधिक सहयोग गरेको छ।

समुन्द्री सतहदेखि दुई हजार पाँच सय मिटरभन्दा माथिको उचाइमा अक्सिजनको कमीले स्याँ स्याँ हुने, टाउको दुख्ने, वाकवाकी हुने, रिङ्गटा लाग्ने, आँखा धमिलो हुने, निद्रा नलाग्ने, खान मन नलाग्ने, फोक्सो सुन्निने, स्मरण शक्ति हराउँदै जाने र सास फेर्न गाह्रो हुन्छ। प्रहरीले म्याग्दीको सिमानामा रहेको घाँसामा पनि पर्यटक र तीर्थयात्रीलाई अक्सिजनको कमीका कारण हुने स्वास्थ्य समस्याका बारेमा सचेतनामूलक कार्यक्रम गरेको छ । मुस्ताङका प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले प्रहरीको स्वास्थ्य शिविर र सचेतनामूलक कार्यक्रमले अक्सिजनको कमीका कारण मानवीय क्षति न्यूनीकरणमा सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो। मुस्ताङमा आइतबार एक हजार दुई सय सात सवारीसाधनमा ११ हजार एक सय ९२ नेपाली र तीन सय ४७ बाह्य पर्यटक भित्रिएको प्रहरीको तथ्याङ्क छ। शनिबार चार सय ३७ सवारीसाधनमा तीन हजार पाँच सय २७ नेपाली र चार सय ५६ विदेशी पर्यटक भित्रिएका थिए।

# घिरीङमा नेतृत्व विकास तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत



तनहुँ जिल्लाको घिरीङ गाउँपालिकामा महिलाहरुको क्षमता बढाउने उदेश्यले सञ्चालित ३ दिने उद्घोषण तथा नेतृत्व विकास तालिम आइतवार सम्पन्न भएको छ।

तालिमको समापन समारोहमा बोल्नुहुदै प्रमुख अतिथी घिरीङ पालिकाका अध्यक्ष होम वहादुर थापाले महिलाहरुको अर्न्तनिहीत क्षमतालाई उजागर गर्दै नेतृत्वको विकास गराउन तालिम निकै प्रभावकारी भएको बताए। यस्ता तालिमले महिलाहरुलाई घरको चुलाचौकामा मात्र सीमीत नराखी सामाजिक मुलधार ल्याउन फलदायी हुने उनको भनाई थियो । विशेष अतिथी घिरीङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद ढकालले महिलाहरुको बोल्ने शैलीमा आएको परीवर्तन तारीफयोग्य भएको बताए।

तालिमको समापन समारोह घिरीङ गाउँपालिकाकी उपाध्यक्ष राधादेवी अधिकारीको अध्यक्षतामा भएको थियो भने तालिममा सञ्चारकर्मी गोविन्द थापा सिञ्जालीले सहजीकरण गरेका थिए । तालिममा ५ वटा वडाका कुल ३४ जना महिलाहरुले सहभागिता जनाएको महिला विकास शाखा प्रमुख पुष्पा थापाले बताईन । प्रशिक्षार्थीहरुले समापन समारोहको कार्यक्रम सञ्चालन गर्नुका साथै तालिमका अनुभव पनि बाडेका थिए।

# शुभकामना आदानप्रदान सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत




नेपाल मगर संघ महानगर समितिको आयोजनामा नयाँ वर्ष २०८१ को उपलक्ष्यमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ।

यसै अवसरमा संघद्धारा प्रकाशित भित्तेपात्रो विमोचन गरिएको छ। कार्यक्रमका प्रमुख अतिथि नेपाल मगर संघ कास्कीका उपाध्यक्ष चन्द्रबहादुर पुर्जा मगरले भित्तेपात्रो विमोचन गर्नुभएको हो।

शुभकामना मन्तव्य दिँदै उहाँले महानगरपालिकाले गरेको उक्त कार्यप्रति सह्राहना गर्दै यसले मगर समुदाय विच व्यवसायिक समन्वय र प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो। यसै गरी कास्कीका सचिव लालबहादुर राना मगरले मगरहरुले संस्कृति जगेर्नाको साथ साथै शिक्षा र व्यवसायमा पनि जोड दिनुपर्ने बताउनुभयो। महानगर समितिका उपाध्यक्ष मुन्नु थापा मगर र सदस्य क्षेत्र राना मगरले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो। कार्यक्रममा भित्तेपात्रो प्रकाशनको क्रममा रु. पाँच हजारबाट माथि सहयोग गर्ने सहयोग दाताहरुहरुलाई खादा र दोसल्लाले सम्मान गरिएको थियो । संघका अधयक्ष ओम श्रीस मगरको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव केश बहादुर थापा मगरले गर्नुभएको थियो।

# प्राविधिक शिक्षालयका विद्यार्थीको मूख्य उत्पादन च्याउ र मह

**पोखरापत्र संवाददाता**
पोखरा, २६ चैत

म्याग्दीको मालिका गाउँपालिका- ७ बिमस्थित किसानी कृषि प्राविधिक शिक्षालयका विद्यार्थीले तरकारी, च्याउ र मह उत्पादन गरी आम्दानी लिने गरेका छन्।

किसानी कृषि प्राविधिक शिक्षालयका विद्यार्थीले पढाइका अतिरिक्त मौसमी तथा बेमौसमी तरकारीखेती र मौरीपालन गर्दै आएका हुन् । शिक्षालयमा बालीविज्ञान विषयमा अध्ययनरत ४० जना विद्यार्थीले तरकारीखेतीका साथै मौरीपालन गरेका छन्। विद्यालय परिसरमा मौरीका छ वटा घार छन् । विद्यार्थीले मह उत्पादन प्रक्रिया, महको चाका सङ्कलन, मौरीको घारको रेखदेख र मह निकाल्ने सम्पूर्ण प्रक्रिया सिकेका किसानी प्राविधिक शिक्षालयका प्रधानअध्यापक जङ्गबहादुर गर्बुजाले बताउनुभयो । वर्षमा दुईपटक मह निकालेर स्थानीयलाई बिक्री गर्ने गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार पहिलो चरणमा छ वटा घारबाट मौरीपालनको अभ्यास सिकेका विद्यार्थीले अहिले आफ्नो घरमासमेत मौरीको घार राख्न थालेका छन्। विद्यार्थीलाई उत्पादन र आम्दानीसँग जोड्ने उद्देश्यले गरिएको मौरीपालनलाई तोरी फुल्ने समयमा मौरीको चरन क्षेत्र, वर्षाका समयमा स्थानीय प्रजातिका फूलमा चराउन कसरी लैजाने भन्ने अभ्यास विद्यालयमै गराउने गरिएको छ । मौरीपालनसँगै शिक्षालयले विद्यार्थीको प्रत्यक्ष सहभागिता हुने अन्य कृषि कर्ममा लगाउने गरेको छ । बालीविज्ञान, पशु चिकित्सा (भेटेरिनरी) विषय पढाइ हुने यस शिक्षालयमा विद्यार्थीको आकर्षण बढेको छ। यस शिक्षालयमा विसं २०६८ मा सिटिइभिटीबाट सम्बन्धन प्राप्त गरी २९ महिने जेटिए, विसं २०७२ देखि तीनवर्षे डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) र तीनवर्षे पशुविज्ञान तहको पठनपाठन सुरु भएको थियो। अहिले यहाँ ११ जिल्लाका विद्यार्थी अध्ययनरत छन् । पढ्दै कमाउँदै कार्यक्रमअन्तर्गत विद्यार्थीलाई आत्मनिर्भर हुन प्रेरित गरिरहेको विद्यालयले जनाएको छ। विद्यार्थीले उत्पादन गरेको तरकारी बिक्रीबाट आएको नाफा ७५ प्रतिशत विद्यार्थीलाई उपलब्ध गराउने र २५ प्रतिशत विद्यालयले शैक्षिक भ्रमणसहितका कार्यमा प्रयोग गर्ने गरिएको प्राचार्य गर्बुजाले जानकारी दिनुभयो। विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीले कृषि उत्पादन गर्न चाहेमा विद्यालयले ऋण सुविधासमेत दिएको उहाँले बताउनुभयो ।

विद्यार्थीलाई किसानका खेतबारीमा पुगेर प्रयोगात्मक अभ्यास गराउनका साथै फलफूलखेती, तरकारीखेती, दलहन बाली र रैथाने जातका कृषिउपज उत्पादन गरी बजारमा बिक्री गर्ने गरिएको कृषि प्राविधिक शिक्षालयका संयोजक विष्णु सुवेदीले जानकारी दिनुभयो । "विद्यार्थीका लागि नयाँ सिकाइमा केन्द्रित छौं । यहाँबाट पढेर गएका सबै विद्यार्थी आत्मनिर्भर छन्। लोभलाग्दो कमाइ गरिरहेका छन्," सुवेदीले भन्नुभयो। उहाँका अनुसार यहाँबाट वार्षिक छ क्विन्टल च्याउ बिक्री हुने गरेको छ । विद्यार्थीले विभिन्न प्रजातिका फलफूल, तरकारीको बेर्ना बेचेर कमाइ गर्ने गरेका छन्। विद्यालयले २० रोपनीभन्दा बढी जग्गा भाडामा लिएर विद्यार्थीलाई व्यावहारिक शिक्षा दिँदै आएको छ । पछिल्लो समय विद्यार्थीको उत्पादनले बजार नपाउँदा समस्या भएको शिक्षालयका प्रअ गर्बुजाले बताउनुभयो । करिब रु पाँच लाख बराबरको तरकारी, च्याउ र मह उत्पादन गरे पनि यस वर्ष रु दुई लाख ५० हजारको मात्र बिक्री भएको उहाँको भनाइ छ।

# चहानडाँडामा बन्यो 'शवदाह स्थल'

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ चैत

वालिङ-७ को चिहानडाँडामा आधुनिक शवदाह स्थल निर्माण गरिएको छ।

पानी र हावाहुरी परेका बेला शव जलाउन निकै सास्ती खेप्दै आएका स्थानीय गुरुङ समुदायले वालिङ नगरपालिकाको सहयोगमा आधुनिक शवदाह स्थल निर्माण गरेका हुन्। शवदाह स्थल निर्माणसँगै अन्त्येष्टि कर्म सहजरुपमा गर्न सकिने भएको स्थानीय समाजसेवी भोजराज गुरुङले बताउनुभयो । "सामान्य समयमा शव जलाउन समस्या थिएन", उहाँले भन्नुभयो, "वर्षाका समयमा र ठूलो हावाहुरी चलेका बेला शव जलाउन निकै समस्या हुन्थ्यो, आधुनिक शवदाहस्थल निर्माण भएसँगै अब सहज हुने भएको हो ।" चिहानडाँडा वनजङ्गलसितै जोडिएको ठाउँमा रहेकाले पनि हावाहुरीका कारण आगलागी हुनसक्ने भएकाले आधुनिक शवदाह स्थल निर्माणले त्यो समस्या हल भएको उहाँले बताउनुभयो ।जङ्गल मासिने, पानी परेका बेला काँचा दाउरा नजल्ने, समयमा शव जलाउन नसकिनेजस्ता समस्या थियो", उहाँले भन्नुभयो, "शवदाहस्थल निर्माणसँगै यी समस्याहरु न्यूनीकरण हुँदै जानेमा हामी विश्वस्त छौं ।" शवदाह स्थल निर्माण गर्नका लागि वालिङ नगरपालिकाले रु चार लाख बजेट विनियोजन गरेको उहाँले बताउनुभयो । नगरपालिकाले उपलब्ध गराएको रु चार लाख, स्थानीयबाट रु तीन लाख गरी रु सात लाख खर्च भएको हो। "शवदाह स्थल निर्माणका लागि स्थानीयले रकम सङ्कलनसहित दैनिक जनश्रमदान गर्नुभएको छ", उहाँले भन्नुभयो, "स्थानीयहरु आफूहरु पनि निर्माणस्थलमा सँगै खटिनुहुन्छ भने दैनिकरुपमा आलोपालो कामदारलाई खाजा खुवाउँदै आइरहनुभएको छ।"

वनको नजिकै रहेको चिहानडाँडामा पानी आएका बेला र ठूलो हावाहुरी चलेका बेला शव जलाउन धेरै दुःख पाएको स्थानीयवासी एवं शवदाह स्थल निर्माण समितिका अध्यक्ष किसान गुरुङले बताउनुभयो । चिहानडाँडामा मलामी जाँदा सुरक्षितरुपमा बस्नका लागि पौवा निर्माण गरिएको छ। रातिको समयमा पनि सुरक्षालाई मध्यनजर गरी स्थानीय इन्द्रबहादुर गुरुङको सहयोगमा सोलार बत्ती जडान गरिएको अध्यक्ष गुरुङले बताउनुभयो।

# विश्वकप खेल्ने क्रिकेट टोलीको नयाँ जर्सी सार्वजनिक

**रासस**
काठमाडौ, २६चैत

आगामी जेठमा अमेरिका र वेस्टइन्डिजमा आयोजना हुने आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीले प्रयोग गर्ने नयाँ जर्सी सार्वजनिक भएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठ र राखेप सदस्य सचिव टङ्कलाल घिसिङले संयुक्तरुपमा नेपालको नयाँ जर्सी सार्वजनिक गर्नुभयो।

नेपालको नयाँ जर्सीमा रातो, हल्का सेतो र नीलो रङ्ग मिश्रित गरिएको छ भने दुवै काँधमा नेपालको झण्डा अङ्कित रहेको छ। त्यस्तै जर्सीको तल्लो भागमा सगरमाथा अङ्कित छ भने छातीको एक भागमा प्रयोजकको लोगो र अर्को भागमा क्यानको लोगो रहेको छ। टी ट्वान्टी विश्वकपमा विभिन्न २० टोलीको सहभागिता रहेको छ । जसलाई समूह ए, बि, सि र डि गरी चार समूहमा विभाजन गरिएको छ। नेपाल भने समूह डि मा रहेको छ । नेपालको समूहमा दक्षिण अफ्रिका, श्रीलङ्का, बङ्गलादेश र नेदरल्यान्डस् छन्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ सगरमाथा प्रवेशद्धारा अन्तर्गत बाटो ढलान निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सगरमाथा प्रवेशद्धारा अन्तर्गत बाटो ढलान
ठेगानाः पोखरा-१४
योजना शुरु मितिः २०८०/१०/१६ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/१५ गते
योजनाको कुल लागतः रु. २३,५२,९४१।१८
महानगरपालिकाबाटः रु. २०,००,०००/-
जनसहभागिताबाटः रु.३,५२,९४१।१८
अध्यक्षः मिन बहादुर गुरुङ
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ४, पुरुषः २

**सगरमाथा प्रवेशद्धारा अन्तर्गत बाटो ढलान निर्माण उपभोक्ता समिति पोखरा-२४**

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



**जन्मः २००४/०५/१२ गते**

**स्वर्गारोहणः २०८०/१२/१५ गते**

**स्व. कान्छा कुमार बिजुक्छे (कस्केली**

**श्री भैरव साँस्कृतिक संरक्षण समितिका आजिवन सदस्य, पूर्व सचिव तथा श्री भैरवका अनुरागी श्री कान्छा कुमार बिजुक्छे (कस्केली) स्वर्गारोहण हुनु भएको आज १३ औं दिनको पुण्य तिथिमा देहमुक्त आत्माको चिरशान्ति एवं उहाँको बैकुण्ठवासको कामना गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनि श्री भैरवनाथसँग प्रर्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।**

**तीर्थमान प्रधानाङ्ग**
**अध्यक्ष तथा**
**श्री भैरव साँस्कृतिक संरक्षण समिति परिवार**